# आर्थिक सहायता तथा राहत वितरण कार्यविधि-२०८०

## कार्यपालिका बाट पारित मिति : २०८०।०९।११

**प्रस्तावना**

गाउँपालिका क्षेत्रभित्र हुने प्राकृतिक तथा गैर प्राकृतिक विपद, अत्यन्तै न्युन आर्थिक स्थिति भएका दीर्घरोगी जस्तै मुटु, मृगौला, क्यान्सर, पक्षघात तथा मस्तिष्क घात लगायतका मानव जीवनमा असर पार्ने तथा अप्रत्याशित कारणबाट सृजना भएको विशेष परिस्थितिको सामना गरिरहेका नागरिकहरुलाई तत्काल केही राहत तथा आर्थिक सहायता उपलब्ध गराउन वाञ्छनिय भएकोले,

सिद्ध कुमाख गाउँपालिकाले बिनियोजन गरेको आर्थिक सहायता तथा विपद कोषको रकमलाई व्यवस्थित, प्रभावकारी र मित्तव्ययी तवरले परिचालन तथा व्यवस्थापन गर्न यो **आर्थिक सहायता तथा राहत वितरण कार्यविधि २०८०** लाई गाउँकार्यपालिकाको मिति २०८०।०९।११ मा बसेको बैठकले स्वीकृत गरी लागु गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम " **आर्थिक सहायता तथा राहत वितरण कार्यविधि २०८०** " रहेको छ ।

(२) यो कार्यविधि तत्काल लागु गरिनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. "कार्यविधि" भन्नाले सिद्ध कुमाख गाउँपालिकाको " **आर्थिक सहायता तथा राहत वितरण कार्यविधि २०८०**" लाई सम्झनु पर्दछ ।

ख. "कोष" भन्नाले सिद्ध कुमाख गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषलाई बुझ्नुपर्छ ।

ग. "कार्यपालिका" भन्नाले सिद्ध कुमाख गाउँपालिकालाई बुझ्नुपर्छ ।

घ. "आर्थिक सहायता" भन्नाले मानवीय जिवनमा आई पर्ने दीर्घ असर पार्ने प्रकारका मुटु, मृगौला, क्यान्सर, मस्तिष्कघात तथा पक्षघात जस्ता दीर्घरोगबाट पिडित, घरवार विहिन व्यक्तिहरु तथा अन्य असक्त असाह्य व्यक्तिहरुको लागि गरिने आर्थिक सहायतालाई बुझ्नुपर्छ ।

ङ "राहत भन्नाले "भुकम्प बाढि, पहिरो, आगलागी, महामारी जस्ता प्राकृतिक तथा गैर प्राकृतिक विपदबाट प्रभावित व्यक्तिहरुको लागी तत्काल गरिने आर्थिक सहायता, जिन्सी तथा मालसमान वितरण समेतलाई सम्झनु पर्दछ ।

### ३. उद्देश्य

(१) विपद् पिडितहरुलाई तत्काल राहत उपलब्ध गराउने,

(२) आकस्मिक वा अप्रत्याशित कारणबाट सृजना भएको विशेष परिस्थितिमा तत्काल गरिने आकस्मिक कार्य गर्ने,

(३) असक्त असाह्य तथा दिर्घ रोग पिडित व्यक्तिहरुलाई आर्थिक सहायता प्रदान गर्ने

**४.राहत सम्बन्धी व्यवस्था** (१) प्राकृतिक विपद् जस्तै आगलागी, चट्याङ,बाढी तथा पहिरोको कारण धनजनको क्षती भएमा देहाय अनुसारको सहयोग उपलब्ध गराउन सक्नेछ ।

| क.स. | आर्थिक सहयोग गर्ने क्षेत्र (क्षतिको विवरण) | नगद सहयोग | कैफियत |
|---|---|---|---|
| १ | गोठ सौचालय, भान्सा,पसल क्षति ( पुर्ण) | ५,०००-७,०००। | |
| २ | घर क्षति ( आंशिक) | ५,०००-१०,०००। | |
| ३ | घर क्षति ( पुर्ण) | १०,०००-१५,०००। | |
| ४ | घर र गोठ क्षति ( पुर्ण) | १०,०००-१८,०००। | |
| ५ | घर र गोठ क्षति ( पशु चौपाया समेत) | १०,०००-२०,०००। | |
| ६ | घर र गोठ क्षति (मानविय मृत्यु समेत) | २५,०००। | |
| ७ | बैदेशिक रोजगारको कममा मृत्यु भएमा | ४०,०००। | |

(२) गाउँपालिका अन्तरगत विपद जन्य घटनाका कारण क्षति भएका व्यक्ति तथा परिवारलाई जिन्सी मालसामान वितरण गर्नु पर्ने भएमा प्रचलित कानुन बमोजिम समाग्री खरिद गरी वितरण गर्न सकिने छ। जिन्सी सामाग्री वितरणको अभिलेख कार्यालयले राख्नु पर्नेछ।

**५. आर्थिक सहायता सम्बन्धी व्यवस्था :**

(१) विभिन्न जटिल तथा दीर्घरोग जस्तैः क्यान्सर, मुटु रोग (सल्यक्रिया भएका मात्र), मृगौलाको डायलासिस, प्रत्यारोपण तथा अन्य जटिल समस्या भएका, पक्षघात तथा मत्सिष्कघात जस्ता रोग लागि उपचार प्राप्त गर्न समस्यामा परेका गरिव/विपन्न सदस्यको लागि रोगको प्रकृति र निजको आर्थिक अवस्था हेरी प्रति व्यक्ति रु. ५,००० देखि ५०,००० सम्म आर्थिक सहायता शिर्षकबाट उपचार खर्च उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा १ बाहेकको अन्य व्यक्ति तथा संघ संस्थाका लागी गाउँपालिकाबाट सहायता दिनु पर्ने देखिएमा औचित्यता र आवश्यकताका आधारमा यसै कार्यविधी अनुसार रु १०,०००। सम्म गाउँपालिका अध्यक्ष स्तरको निर्णयबाट र सो भन्दा माथि भएमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम आर्थिक सहायता शिर्षकबाट भुक्तानी दिन सकिनेछ।

**६. आर्थिक सहायता सम्बन्धी अन्य  व्यवस्था :**

(१) माथि जुनसुकै कुरा उल्लेख भएता पनि विपद जन्य घटनाका कारण गाउँपालिका भित्रको नागरिकलाई मानविय क्षेति भएमा उपदफा (१) को तत्काल राहतका अतिरिक्त एकमुष्ट किया खर्च वापत रु १०,०००। दस हजार रुपैया सम्म उपलव्ध गराउन सकिनेछ।

(२) बाढि पहिरो लगायत अन्य विपदजन्य घटनाका कारण बाटो पुल कुलो नहर वा त्यस्तै सार्वजनिक सम्पतिमा क्षति भई तत्काल संचालन गर्नु पर्ने अवस्था भएमा प्रकोप व्यवस्थापन कोष मौज्दात समेतका आधारमा रु २ लाख सम्मको निर्माण तथा रोकथाम सम्बन्धी योजना लागत स्टिमेटका आधारमा गाउँपालिकाबाट तत्काल संचालन गर्न सकिने छ।

**७.सहयोग माग गर्दा पेश गर्नुपर्ने कागजातः**

(१) गाउँ कार्यपालिकाको कार्यालयमा दफा ४ बमोजिमको आर्थिक राहत  प्राप्त गर्न  देहायका कागजातहरु पेश गर्नुपर्नेछ।

(क) निवेदन र नेपाली नागरिकताको प्रतिलिपी

(ख) सम्बन्धीत वडा कार्यालयको सिफारिश

(ग) सम्बन्धीत प्रहरी चौकीको स्थलगत सर्जमिन मुचुल्का, प्रतिवेदन

(घ) क्षतीको फोटो

(ङ) आवश्यक भएमा क्षतीको प्राविधिक मूल्याङ्कन

(च) विपन्नताको हकमा सम्बन्धीत वडा कार्यालयको विपन्नता प्रमाणित सिफारिश पत्र

(छ) अन्य आवश्यक प्रमाणहरु

(२) गाउँपालिकाले दफा ५ अनुसारको आर्थिक सहायता माग गर्दा दहायका कागजातहरु पेश गर्नु पर्ने छ ।

(क) सम्वन्धित व्यक्ति वा निजका अभिभावक वा निजको संरक्षकको निवेदन,

(ख) निवेदन साथ सम्वन्धित अस्पताल, नर्सिङ होम वा स्वास्थ्य क्लिनिक वा जाँच गर्ने स्वीकृत चिकित्सकले जाँच गरेका प्रमाणका प्रतिलिपी

(ग) सम्वन्धित चिकित्सकले उपचारका लागि लेखी दिएका औषधीहरूको विवरण र सो खरिदका लागि अनुमानित लाग्ने खर्चको विवरण,

(घ) कडा रोग लागि अप्रेशन गर्नुपर्ने, कुनै अङ्ग फेर्नुपर्ने वा उपचारका लागि धेरै खर्चलाग्ने भएमा सोका लागि मेडिकल वोर्डको सिफारिस सम्बन्धी कागजपत्र,

(ङ) विपन्नताको हकमा सम्बन्धित वडा कार्यालयको विपन्नता प्रमाणित सिफारिश पत्र ।

**८. आर्थिक सहयोग तथा राहतको निर्णय सम्बन्धी ब्यवस्था :**

(१) दफा ७ बमोजिम प्रकृया पुरा गरी राहत तथा आर्थिक सहायता माग भई आएमा रु. १०,००० सम्मको हकमा गाउँपालिका अध्यक्षबाट सोझै आदेश गर्न सक्नेछ । तर यसरी भएको राहत तथा सहयोगको प्रतिबेदन कार्यपालिका बैठकमा अनुमोदनका लागि पेश गर्नु पर्नेछ ।

(२) रु १०,०००। भन्दा बढि राहत तथा आर्थिक सहायता रकम उपलब्ध गराउनु पर्ने देखिएमा कार्यपालिकाको बैंठकको निर्णय बमोजिम रकम निर्धारण हुनेछ ।

(३) दफा ६(२) बमोजिमको निर्माण कार्य गर्न पर्ने भएमा क्षतिको प्राविधिक मुल्यांकनका आधारमा कार्यपालिकाको बैठक द्वारा बजेट सम्बन्धी निर्णय गरी निर्माण गर्न सकिने छ ।

(४) औषधी उपचार सहयोग उपलव्ध गराउंदा गाउँपालिका सामाजिक विकास शाखा (स्वास्थ्य) बाट उठान भई प्रमुख प्रशासकीय अधिकृत समक्ष पेस हुनेछ ।

**९. कार्यविधिको संशोधन :** यस कार्यविधिलाई गाउँकार्यपालिकाले आवश्यक परेमा संशोधन गर्नेछ ।

**१०. बचाऊ :** यस कार्यविधि लागु हुन पुर्व गाउँ कार्यपालिकाको बैठकको निर्णय बमोजिम भएको आर्थिक सहायता वितरण यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।